Reg. No.: 159553/066067 PAN No.: 304303922

**MAYA KHOLA HYDROPOWER COMPANY LIMITED**

# माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड

Ref No.: MKHPC/AC/061/2082-83

मिति :२१ पौष २०८२

श्री नेपाल धितोपत्र बोर्ड
सातदोबाटो, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लि.
दर्ता नं : ८८३६
मिति : २०८२/९/२२

श्री अभौतिकरण तथा निक्षेप महाशाखा
मिति: २०८२/९/२३

**विषय : लक इन अवधि समाप्त हुने सुचना प्रकासित गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कुल शेयर मध्ये तपशिलमा उल्लेखित यस कम्पनीका संस्थापक तथा सर्वसाधारणतर्फ आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दा र कर्मचारीहरुको स्वामित्वमा रहेको शेयरको लक इन अवधि **(Locking Period)** देहाय बमोजिमको मितिमा समाप्त हुने व्यहोराको सुचना मिति २०८२/०९/२१ गतेको नयाँ पत्रिका देनिकमा प्रकासित गरिएकोले तहाँको जानकारीको लागि अनुरोध छ ।

<u>तपसिल</u>

| क. सं. | समुह | शेयर संख्या | लक इन अवधि समाप्त हुने मिति |
|---|---|---|---|
| १ | संस्थापकहरुको शेयर | ६६,००,००० थान | २०८२ माघ २५ (तदनुसार सन् २०२६ फेब्रुवरी ०८) |
| २ | स्थानिय बासिन्दाहरुको शेयर | १०,००,००० थान | |
| ३ | कर्मचारीहरुको शेयर | ४८,००० थान | |
| | **जम्मा** | **७६,४८,००० थान** | |

सहयोगको लागि धन्यवाद ।

भवदिय,

(सागर नेपाल)
प्रबन्धक

बोधार्थ :
श्री सिटिजन्स क्यापिटल लिमिटेड , डिल्लीबजार, काठमाडौं ।

संलग्न : नयाँ दैनिक पत्रिकामा प्रकासित सुचना ।

# माया खोला हाईड्रोपावर कम्पनी लिमिटेड
# Maya Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा-४, धुम्बाराही, काठमाण्डौं, फोन नं. ०१-४४३६३२५
इमेल: mayakhola.hpc@gmail.com, वेबसाइट: www.mkhpcl.com.np

## लकइन (Lock In) अवधि समाप्त हुने बारेको जरुरी सूचना

यस कम्पनीको स्थानीय बासिन्दाहरूको लागि मिति २०७९/०८/२३ गतेदेखि मिति २०७९/०९/१७ गतेसम्म तथा सर्वसाधारण (कर्मचारी समेत) मिति २०७९/१०/१३ गतेदेखि मिति २०७९/१०/१७ गतेसम्म निष्कासन तथा बिक्री खुला गरी सर्वसाधारणहरुको लागि मिति २०७९/१०/२६ गते शेयर बाँडफाँट गरिएको व्यहोरा अनुरोध छ। धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ३८ (१) बमोजिम यस कम्पनीको सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँट गरिएको मिति (अर्थात् मिति २०७९/१०/२६ गते) ले तीन वर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनीहरूले धारण गरेको शेयर, स्थानीय बासिन्दाहरू तथा कर्मचारीहरूलाई बाँडफाँट गरिएको शेयर लकइनमा राख्नुपर्ने व्यवस्था भए बमोजिम लकइनमा राखिएको र उक्त शेयरको मिति २०८२/१०/२५ गते लकइनको समयावधि समाप्त हुने हुँदा संस्थापक शेयरधनीहरू, स्थानीय बासिन्दाहरू, कर्मचारीहरू तथा नियामक निकायहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**संस्थापक शेयरधनी, स्थानीय बासिन्दाहरू, कर्मचारीहरूको लकइनमा रहेको शेयर सम्बन्धी विवरण**

| क्र.सं. | समूह | शेयर संख्या |
|---|---|---|
| १ | संस्थापकहरूको शेयर | ६,६००,०००.०० |
| २ | स्थानीय बासिन्दाहरूको शेयर | १,०००,०००.०० |
| ३ | कर्मचारीहरूको शेयर | ४८,०००.०० |
| **जम्मा शेयर** | | **७,६४८,०००.००** |

**नोटः** सञ्चालक सदस्य रहेका व्यक्ति तथा कम्पनीको उच्च तहमा रहेका कर्मचारीहरूले भने पदमा रहेसम्म तथा पदबाट हटेपछि एक वर्षसम्म शेयर खरिद बिक्री गर्न पाउने छैन।